# एनएसडब्लु होटल क्वारेन्टाइनका कर्म्चारीका निगरानी तथा परिक्षण कार्यक्रम

सार्वजनिक स्वास्थ्य २०२० (कोभिड १९ वायु यातयात क्वारेन्टाइन) आदेश नं.४ अन्तर्गत निर्दिष्ट क्वारेन्टाइन सुविधा कर्मचारीको परिभाषामा निम्न व्यक्ति पर्दछन

- एनएसडब्लु परिक्षण कार्यक्रममा परिक्षण दायित्वहरु लागु भएका र उल्लेख भएका
- क्वारेन्टाइन होटलमा काम गर्ने अथवा सेवाहरु प्रदान गर्ने
- अथवा एउटा प्रहरी कर्मचारी एक व्यक्तिलाई चिकित्सा उपचार वा हेरचाह प्रदान गर्ने उद्धेश्यका लागि क्वारेन्टाइन सुविधामा प्रवेश गर्ने । पहुँच गर्ने व्यक्ति वा सुविधाको साधारण सन्चालनका लागि आवश्यक सेवाहरु प्रदान गर्ने व्यक्ति वा सेवा प्रदान गर्ने व्यक्ति

स्वास्थ्य मन्त्रालयले एनएसडब्लु परिक्षण कार्यक्रममा निम्न व्यक्तिलाई परिक्षण गर्ने दायित्त्व रहेको उल्लेख गरेको छ ।

## बारम्बार सोधिने प्रश्नहरु

### क्वारेन्टाइन सुविधाका होटल कामदारहरुको लागि नियमित कोभिड १९ परिक्षणको उद्धेश्य के हो ?

**सार्वजनिक स्वास्थ्य २०२० (कोभिड १९ वायु यातयात क्वारेन्टाइन) आदेश नं.४** (Public Health (COVID-19 Air Transportation Quarantine) Order (No 4) 2020)का आवश्यक्ताहरु अनुरुप एनएसडब्लु स्वास्थ्यले हाम्रो संगरोध सुविधामा काम गर्ने निश्चित कर्मचारिहरुको हेरचाह र सावधानिको निम्ति नियमित कोभिड परिक्षण गरिरहेको छ । कोभिड १९ का घटनाहरु संसारभर बढेका छन र धेरै मनिसहरु विदेशबाट अस्ट्रेलिया फर्किरहेका छन् जसले गर्दा क्वारेन्टाइन सुविधामा कोभिडका घटनाहरु बढिरहेका छन् । यस परिक्षणले मानिसहरुमा लक्षणहरु हुनुपुर्व नै प्रारम्भिक चेतावनी संकेतको रुपमा काम गर्दछ ।

### र्‍याल परिक्षणले कसरी काम गर्छ ?

यस नयाँ परिक्षणले र्‍यालको प्रयोग गर्दछ । र्‍याल  सङ्कलन पिडारहित र छिटो हुन्छ । निजीकृत लेबल जाँच गर्नुहोस र  टयूबमा स्वाब राख्नुहोस । ३० सेकेण्डको लागि स्वाबलाई जिब्रोमा राख्नुहोस र ओठमा नछुवाईकन सावधानीका साथ प्रदान गरिएको ट्यूबमा स्वाब राख्नुहोस। स्पिक बन्द गर्नुहोस, बलियोसँग  बिर्को लगाउनुहोस र नमुना सङ्कलन झोलामा राख्नुहोस ।

### के र्‍याल परिक्षणले कोभिड १९ बाहेक अरु केहि पत्ता लगाउछ (रक्सी, अन्य औषधिहरु, लागु औषध, गर्भावस्था) ?

लगाउदैन । यो परिक्षणले कोभिड १९ को संक्रमण मात्र पत्ता लगाउछ ।

### के र्‍याल परिक्षणले अघिल्लो कोभिड १९ संक्रमण पत्ता लगाउछ ?

यसले अघिल्लो कोभिड १९ संक्रमणको प्रमाण देखाउन सक्छ ।


© NSW Ministry of Health 2021

## के समुदायका अनय सदस्यहरुले नाक र घाँटीको स्वावको सट्टामा र्‍याल परिक्षण गर्न सक्छन ?

दुर्भाग्यंवश सक्दैनन् । कोभिडका लक्षण भएका व्यक्तिहरुलाई नाक र घांटीको स्वाब नै सबैभन्दा उत्तम परिक्षण हो । यस समयमा र्‍याल परिक्षण एसिम्टोमेटिक (लक्षण नभएको) व्यक्तिहरुमा स्किनिङ्ग टेस्टको रुपमा प्रयोग गरिन्छ ।

## के अन्य उच्च जोखिममा रहेका समुहहरुले र्‍याल परिक्षण पाउन सक्छन । जस्तै स्वास्थ्यकर्मीहरु ?

यस चरणमा हामी अन्तराष्ट्रिय यात्रीहरुसंग रहेर काम गर्ने संस्थाहरु जस्तै विमानस्थलहरु बन्दरगाहहरु क्वारेन्टाइन होटलहरुका कर्मचारीहरुका केन्द्रित छौ । सरकारले भविष्यमा आवश्यक्ता अनुसार अन्य समुहहरुलाई पनि विचार गर्नेछ ।

## मेरो सानो बच्चामा कोभिड १९ का लक्षणहरु छन् के उनीहरुले नाक स्वाबको सटटामा र्‍याल परिक्षण गराउन सक्छन् ?

दुर्भाग्यंवश सक्दैनन् । कोभिडका लक्षण भएका व्यक्तिहरुलाई नाक र घांटीको स्वाब नै सबैभन्दा उत्तम परिक्षण हो । यस समयमा र्‍याल परिक्षण एसिम्टोमेटिक (लक्षण नभएको) व्यक्तिहरुमा स्किनिङ्ग टेस्टको रुपमा प्रयोग गरिन्छ ।

## यो परिक्षण कतिको सही छ ?

यो परिक्षणले विदेशी देशहरुमा सकारात्मक परिक्षणहरु देखाएको छ । किटाणुहरु पत्ता लगाउनमा यो लगभग ८३ % - ८५ % संबेदनशिल छ । यसको संवेदनशिलतामा (किटाणु फेला पार्ने क्षमता) कमि आएमा स्किनिङ्ग परिक्षणको बृद्धि द्धारासच्याउन सकिनेछ ।

## बारम्बार परिक्षण गर्दा जोखिमहरु के हुन्छन ?के यि रसायनहरु दैनिक प्रयोग गर्न सुरक्षित छन ?के मेरो मुख सुन्निन थाल्छ ?

बारम्बार परिक्षण गर्दा कुनै पनि जोखिम रहदैन । स्वाबले तपाइको मुखलाइ सुनन्याउने काम गर्दैन् । यो तपाईको जिब्रोमा आनन्द संग फिट हुन्छ । स्वाबमा कुनै रसायनहरु छैनन् यसले केवल तपाईको र्‍याल सोस्ने काम गर्छ ।

## मेरो कोभिड परिक्षण सकारात्मक भएमा के हन्छ ?

तपाईको र्‍याल परिक्षणले कोभिडको भाइरस पत्ता लगाएमा तपाइलाई तुरुन्तै अलग बस्न लगाईनेछ र तपाईले थप परिक्षण गर्नुपर्ने हुन्छ । यदि यसो भएमा, एनएसडब्लु स्वास्थ्यका सदस्यले तपाईले के गर्ने भन्ने सुझाव दिनेछन् ।

## कोभिड परिक्षण सकारात्मक भएकै कारण मैले आफ्नो जागिर छोडनुपर्छ भन्ने डर लागिरहेको छ ।

जसलाई पनि कोभिड १९ लाग्न सक्छ । यस युद्धमा समुदाय एक प्रमुख साझेदार हो । आफै संलग्न भएर तपाइले समुदायलाई यो महामारीसंग लड्न मद्धत गर्दै हुनुहुन्छ । यस महामरीसंग लड्न एनएसडब्लुले हाम्रा साझेदार होटलहरुसंग निकटतम रहि एकिकृत दृष्टिकोण निर्माण गरेको छ ।

## मेरो परिक्षण सकारात्मक रहेको सन्चार माध्यमलाई जानकारी गराउन्न चाहान्न । मलाई कोभिड लागेको कारणले मेरो समुदाय रिसाउन सक्छ ?

सबै परिक्षणका नतिजाहरु र केसहरु गोप्य रहनेछन । गोपनियताको कानुनको आधार बमोजिम मात्र जानकारी प्रयोग र खुलासा गरिनेछ ।

## यदि मैले परिक्षण नगराएमा के हुन्छ ?

निगरानि परिक्षण (surveillance testing) एक महत्त्वपुर्ण सुरक्षा मापन हो र यसलाई सार्वजनिक स्वास्थ्य आदेशद्धारा समर्थित गरिन्छ । यदि तपाई एक निर्दिष्ट क्वारेन्टाइन सुविधा कर्मचारी हो र तपाईले **सार्वजनिक स्वास्थ्य २०२० आदेश नं. ०४ (कोभिड १९ वायु यातायात क्वारेन्टाइन)** (Public Health (COVID-19 Air Transportation Quarantine) Order (No 4) 2020) अन्तर्गत परिक्षण अस्विकार गर्नुहुन्छ भने तपाई क्वारेन्टाइन सुविधामा प्रवेश गर्न असक्षम हुन सक्नुहुन्छ । रोजगारदाताले तपाइसंग तपाइको रोजगार व्यवस्याको छलफल गर्नै आवश्यक छ ।

## म मा कोभिड १९ का लक्षणहरु छन्। के मैले नाक स्वाबको सटटामा र्‍याल परिक्षण गराउन सक्छु ?

दुर्भाग्यंवश सकिदैन् । कोभिडका लक्षण भएका व्यक्तिहरुलाई नाक र घांटीको स्वाब नै सबैभन्दा उत्तम परिक्षण हो । यस समयमा र्‍याल परिक्षण एसिम्टोमेटिक (लक्षण नभएको) व्यक्तिहरुमा स्किनिङ्ग टेस्टको रुपमा प्रयोग गरिन्छ ।


© NSW Ministry of Health 2021

## निगरानी परिक्षण (surveillance testing) गरेको मलाई कति खर्च लाग्छ ?

यो परिक्षण तपाई र तपाईको रोजगारदाता दुवैको लागि निःशुल्क हो ।

## मैले मेरो नतिजा प्राप्त गर्न कति समय लाग्छ ?

तपाईको परिक्षण सकारात्मक भएमात्र परिणाम सूचित गरिनेछ । यो सामान्यतया २४ घण्टा भित्र सूचित गरिनेछ । तपाईको परिक्षणको नतिजा नआउंदा सम्म आफ्नो परिक्षणको नतिजा नकारात्मक नै रहेको अनुमान गनुहोस् ।

## र्‍याल परिक्षण कहिले बाट सुरु हुन्छ ?

यो कार्यक्रम सोमबार १४ डिसेम्बर २०२० बाट सुरु हुन्छ ।

## के र्‍याल स्वाब दिइसकेपछि म अलगै बस्नुपर्ने हुन्छ ?

पर्दैन । यदि तपाईमा लक्षणहरु बिकाश भएमा अथवा कुनै संक्रमितको सम्पर्कमा आउनु भएमा मात्र अलग बस्नुपर्ने हुन्छ ।

## अरु कसलाई पनि परिक्षण गरिनेछ ?

यस चरणमा क्वारेन्टाइन सुविधामा काम गरिरहेका सुरक्षाकर्मीहरुलाई मात्र परिक्षण गर्नुपर्छ । सरकारले आवश्यक्ता अनुसार अन्य समुहलाई मात्र परिक्षण गर्दछ ।

## के यसले दुख्छ ?

दुख्दैन । परिक्षण पिडारहित छ, आक्रामक छैन र करिब १ मिनेट लाग्छ ।

## म मा कुनै लक्षण नहुदा पनि किन मलाई परिक्षण गरिदैछ ?

र्‍याल परिक्षणलाई प्रारम्भिक चेतावनी पत्ता लगाउने प्रभावकारी उपकरणको रुपमा लिइएको छ । यस परिक्षणले मानिसहरुमा लक्षण बिकास हुनुपूर्व नै केसहरु पत्ता लगाउन मद्धत गर्दछ ।

## के म कोभिड १९ को उच्च जोखिममा छु ?

धेरै हजारौ व्यक्तिहरु सुरक्षित रुपमा एनएसब्लु क्वारेन्टाइनबाट अस्ट्रेलिया फर्केका छन् । जहासम्म हामी हाम्रो प्रक्रियाहरुमा विश्वस्त रहन्छौं, हामी बझ्छौ कि विश्वभर कोभिड १९ का घटनाहरुको संख्या बढदै जाँदा अस्ट्रेलिया फर्केका अन्तराष्ट्रिय यात्रीहरु बिचमा संक्रमणको दर बढ्नेछ ।

## र्‍याल परिक्षण गरिसकेपछि अथवा अर्को दिनमा लक्षणहरु बिकास भएमा मैले के गर्नुपर्छ ?

तपाई काममा फकर्नु हुदैन, नाक र घाँटीको स्वाब परिक्षण गर्नुहोस र आफ्नो परिक्षणको नतिजा नआउदा सम्म स्वम अलग्गै बस्नुहोस ।


© NSW Ministry of Health 2021